नेपाल राजपत्र

भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, मंसीर १ गते २०३३ साल [अतिरिक्ताङ्क २९

शाही–सन्देश

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट सोभियत समाजवादी गणतन्त्र संघको राजकीय भ्रमणमा सवारी होइबक्सनु अगाडि २०३३ साल मंसीर १ गते राष्ट्रका नाममा बक्सेको सन्देश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

प्यारा देशवासीहरू,

सोभियत समाजवादी गणतन्त्र संघको सर्वोच्च सोभियतको अध्यक्षमण्डलका अध्यक्ष श्री निकोलाई भी. पोद्गोर्नीको मैत्रीपूर्ण निमन्त्रणामा आज हामी केही दिनको लागि मित्रराष्ट्र सोभियत रूसको राजकीय भ्रमणमा जाँदैछौं।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संसारका सबै राष्ट्रहरूसंग शान्तिपूर्ण सह-अस्तित्वको आधारमा मित्रता र सहयोगको अभिवृद्धि गर्दै विश्वशान्तिको निम्ति सक्दो योगदान दिने हाम्रो परराष्ट्र नीतिको मुख्य लक्ष्य भएको कुरा सर्वविदितै छ । पारस्परिक भेटघाट र छलफलद्वारा सबै राष्ट्रहरूका बीच समझदारी र सद्भावनाको अभिवृद्धि गर्न सकिन्छ भन्ने हाम्रो विश्वास भएकोले समय समयमा हामीले हाम्रा मित्रराष्ट्रहरूको निमन्त्रणा स्वीकार गरी भ्रमण गर्ने गरेका छौं। यसै सन्दर्भमा सोभियत संघको हाम्रो यो मैत्रीपूर्ण भ्रमण पनि नेपाल र सोभियत संघका बीच मित्रता र सहयोग अरू बढाउनमा र विश्वशान्तिको अभिवृद्धि गर्नमा यथासक्य सहायक हुनेछ भन्ने हामीले आशा राखेका छौं ।

हाम्रो अनुपस्थितिमा हामीले गर्नुपर्ने कामका लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं । यस अवधिमा भइपरि आउने दैनिक प्रशासनिक तथा अन्य कार्य मन्त्रिपरिषद्बाट संधैं झैं संचालन हुनेछ । साथै देशमा अमनचैन कायम राखी देशविकासको कार्य गर्नमा सबै देशवासी तथा राष्ट्रसेवकहरू सदा झैं सजग रही अघि बढ्नेछन् भन्ने हाम्रो विश्वास छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।